# निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली

पुष्पराज ढकाल
पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी

## लेखसार

**विद्यार्थी मूल्याङ्कन थप सिकाइका लागि सिकारुको स्थिति पहिचान गरी उपचारात्मक सेवा प्रदान गर्न र सिकारुले सिकेका कुराहरूको आधारमा स्तरीकरण गरी उसको बारेमा निर्णय गर्न एवम् प्रमाणपत्र प्रदान गर्नका लागि गरिन्छ । विद्यार्थीहरूलाई सिकाइ एकै बेला के कति सिके भनेर लेखाजोखा गरी आगामी दिनमा के कस्तो उपायहरू अवलम्बन गरी थप सिकाइका लागि सहजीकरण गर्ने भन्ने कुरामा निरन्तर मूल्याङ्कन प्रणाली केन्द्रित हुन्छ । नेपालमा निरन्तर मूल्याङ्कन प्रणाली २०६२ मा कक्षा १ देखि ३ सम्मको नयाँ पाठ्यक्रम कार्यान्वयनमा आएपछि कानुनी रूपमै अङ्गीकार गरिएको पाइन्छ । अहिलेसम्ममा यसको विस्तार भई आधारभूत तहको कक्षा ७ सम्म पुगेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई उदार कक्षोन्नतिसँग गाँसेर ल्याइनु, जटिल प्रकृतिका साधनहरूको प्रयोग गर्नुपर्ने हुनु, सरोकारवालाबाट अवरोध खडा हुनु, शिक्षण सिकाइ क्रियाकलापको सुधारको कुरै नगरी मूल्याङ्कन प्रणालीमा मात्र एकाङ्की ढङ्गले सुधार गर्न खोजिनु, पाठ्यक्रम कार्यान्वयनमा फित्तलोपना रहनु, अनुगमन तथा सुपरिवेक्षण प्रणाली कमजोर हुनु जस्ता कारणहरूले निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा अपेक्षित सफलता प्राप्त हुन नसकेको हो ।**

**निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनका लागि एकाङ्की होइन, समष्टिगत दृष्टिकोणबाट निर्देशित भई अघि बढ्नुपर्छ । पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकामा सुधार गरी निरन्तर मूल्याङ्कनका मापदण्डमैत्री बनाइनुपर्छ । शिक्षण सिकाइ क्रियाकलापमा परिवर्तनपछि मात्र मापदण्ड अनुसार निरन्तर मूल्याङ्कन गर्न सकिन्छ भन्ने कुरा सबैले बुझ्नुपर्छ । शिक्षकहरू सकारात्मक सोचका लिई यसको कार्यान्वयनबाट आफैँलाई सजिलो हुने विश्वासका साथ दृढ सङ्कल्पित भई लाग्नुपर्छ । निरन्तर मूल्याङ्कनको प्रत्येक मापदण्डअनुसार शिक्षण सिकाइ क्रियाकलाप गराउन सबै विषयको प्रत्येक पाठमा मापदण्डगत क्रियाकलाप र निर्देशन सहितको निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन सहजीकरण पुस्तिका तयार गरी सबै शिक्षकहरूलाई वितरण गरिनुपर्छ । यसले शिक्षकलाई क्रियाकलाप गर्न र सो सँगसँगै मूल्याङ्कन गर्न मार्गनिर्देश गर्छ । पाठ्यक्रमका आधारमा शिक्षण, क्रियाकलापमुखी शिक्षण, कक्षाकार्य/सिर्जनात्मक कार्य/परियोजना कार्य/प्रयोगात्मक कार्यमा अधिक जोड दिएपछि मात्र निरन्तर मूल्याङ्कन विद्यमान सूचकका आधारमा गर्न सकिन्छ । जरैदेखि सुधारको लागि पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका समेतमा स्पष्टताको लागि सुधार हुनुपर्छ । यसको सुधारका लागि बहुआयामिक प्रयासलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आजको आवश्यकता हो ।**

## मूल शब्दावली (Keywords)

निरन्तर मूल्याङ्कन प्रणाली (continuous Assessment System), परियोजना कार्य (Porject Work), व्यवहार परिवर्तन (Behavior Change), सिर्जनात्मक कार्य (Creative Work), क्षमता विकास(Capacity Development), अनुगमन (Monitoring), सुपरीवेक्षण (Supervision), सिकाइ उपलब्धि (LearningOutcome), निर्माणात्मक मूल्याङ्कन (Formative Evaluation), निदानात्मक मूल्याङ्कन (Diagnostic Evaluation), श्रेणीकरण (Grading), उदार कक्षोन्नति (LIberal Pormotion)

## विषय प्रवेश

निरन्तर मूल्याङ्कन प्रणाली निदानात्मक र निर्माणात्मक मूल्याङ्कनको समिश्रण हो । यसको अभिप्राय नै विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गरी उनीहरूको सिक्न पाउने अधिकारको प्रत्याभूति गर्नु हो । नेपालमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्यन गर्न थालिएको करिब एक दसक पुग्न लागिसकेको छ । तर दशक लामो प्रयास पछि पनि अवस्था पुरानै छ । कक्षा १ को पनि स्रोतकेन्द्र स्तरीय प्रश्नपत्र छपाई गरी लिखित परीक्षाकै आधारमा मूल्याङ्कन गर्ने परिपाटीको पुनरावृत्तिमा रोक लगाउन सकिएको अवस्था छैन । अर्कातिर निरन्तर मूल्याङ्कन प्रणालीले नसिकिकनै कक्षोन्नति गरी शिक्षाको गुणस्तर खस्काउनमा मुख्य भूमिका खेलेको र शैक्षिक डढेलो लगाएको आरोप पनि खेप्नुपरेको छ ।

सोचाइमा, बुझाइमा र गराइमा भएको दृष्टि भ्रमले गर्दा निरन्तर मूल्याङ्कन प्रणाली वास्तविक मर्म बमोजिम कार्यान्वयनमा आउन सकेको छैन । सिकाउनका लागि निरन्तर मूल्याङ्कन भन्ने सोचको विकास गर्नुको सट्टा नसिकाइ पास गराउन निरन्तर मूल्याङ्कन ल्याइएको भन्ने सोचले उल्टो दिशातिरको यात्रालाई मलजल गरेको देखिन्छ । पाठ योजना निर्माण, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र मूल्याङ्कनलाई एकै त्रिभुजको तिन भुजा जस्तै गरी अघि बढाउन नसकी मूल्याङ्कनमा मात्र सुधार गर्न खोज्ने हाम्रो प्रयासले विरुवाको पालुवाबाट युरिया मल हाले जस्तो अवस्था देखिएको छ । यसै सन्दर्भमा निरन्तर मूल्याङ्कन प्रणालीको अवधारणा, यसको आवश्यकता, विद्यमान व्यवस्था एवम् अवस्था, कार्यान्वयनमा आइपरेका समस्या र प्रभावकारी रूपमा कार्यान्वयनका लागि सुझावहरू समेटेर यो लेख तयार पारिएको छ ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको परिचय

सामान्य अर्थमा विद्यार्थीको निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भन्ने गरिएको छ । शिक्षण सिकाइ प्रभावकारी बनाउन र पाठ्यक्रमले लक्ष्य गरेका सिकाइ उपलब्धिहरू विद्यार्थीमा पुरा गराउन गरिने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । निरन्तर सुधारको उद्देश्यले नियमित रूपमा गरिने निर्माणात्मक मूल्याङ्कनलाई नै निरन्तर मूल्याङ्कन भन्नु उपयुक्त हुन्छ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यअनुसार निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापसँगै निरन्तर चलिरहन्छ । त्यसैले निर्माणात्मक मूल्याङ्कनलाई सरल भाषामा निरन्तर विद्यार्थी मूल्याङ्कन भनिएको हो । यसले केवल निर्माणात्मक मूल्याङ्कन मात्र नभई निदानात्मक मूल्याङ्कनको समेत विशेषता बोक्ने भएकोले वास्तवमा निदानात्मक र निर्माणात्मक मूल्याङ्कनको समिश्रणको रूपमा निरन्तर मूल्याङ्कन प्रणालीलाई बुझ्नु अझै बढी सान्दर्भिक र वास्तविक हुन्छ ।

मूल्याङ्कनको उद्देश्य प्रभावकारिता, सक्षमता, मितव्ययिता, प्रयत्नशीलता, पर्याप्तता, वस्तुनिष्ठता र जवाफदेहिता जस्ता पक्षको मापन गर्ने हुनुपर्छ (राजपुत, २००२) । शिक्षा क्षेत्रमा मूल्याङ्कनका खास दुईपक्ष हुन्छन् : कमी कमजोरी पत्ता लगाई कार्यक्रममा सुधार ल्याउनु र भइसकेको शैक्षिक क्रियाकलापको सकारात्मक नकारात्मक पक्ष र कमजोरीहरू पत्ता लगाई भविष्यमा गरिने कार्यक्रममा सुधार ल्याउने (Simith, 1996)। यसरी स्मिथले भइरहेको कामको कमी कमजोरी पत्ता लगाई विचलन अवस्थाहरू पत्ता लगाई आवश्यक सुधार गर्ने प्रयोजन (Backward Mapping) र सम्पन्न भएको कामको अनुभवको आधारमा भविष्यको कार्यदिशा निश्चित गर्न (Forward looking) को रूपमा मूल्याङ्कन पद्धतिको उपयोग गर्न सकिने कुरा उल्लेख गरेका छन् ।

मूल्याङ्कन र शिक्षाको गुणात्मक पक्षको चर्चा गर्दै वाग्ले लेख्छन्, “शिक्षा क्षेत्रमा गुणस्तरीय शिक्षा गुणस्तरीय मूल्याङ्कन प्रणालीमा भर पर्दछ (वाग्ले, २०६७) । कक्षा कोठाको शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउन,

विद्यार्थीको क्षमतालाई उजागर गर्न कक्षोन्नतिका बारेमा निर्णय लिन, शिक्षकले आफ्नो अध्यापन कार्यमा लगातार पृष्ठपोषण प्राप्त गर्न मूल्याङ्कन गरिन्छ"(उही) । उपर्युक्त दृष्टान्तहरूले निर्माणात्मक मूल्याङ्कन आवश्यक रहेको र यसको माध्यमबाट सिकाइमा सुधार ल्याउने प्रयास गरिने कुरामा जोड दिएको अनुमान लगाउन सकिन्छ । निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर रूपमा बहुआयामिक तरिकाहरूको प्रयोग गरी उपयोगमा ल्याउनु नै निरन्तर मूल्याङ्कन प्रणाली हो भन्नुमा अत्युक्ति नहोला ।

निरन्तर मूल्याङ्कन विद्यार्थीको वास्तविक सिकाइको लेखाजोखा गर्ने र सिकाइसम्बन्धी कठिनाइहरूको पहिचान गरी उपचारात्मक शिक्षण गर्ने अभिप्रायले गरिन्छ । हिजोआज निर्माणात्मक उद्देश्यले गरिने विद्यार्थी मूल्याङ्कनले स्थान पाएको छ । कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, त्रैमासिक परीक्षा, परियोजना कार्य, विद्यार्थी व्यवहार जस्ता पक्षहरूको अवलोकन गरी विद्यार्थीको सिकाइको वास्तविक अवस्था पहिचान गरिन्छ (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२) । अनि सुधारका लागि उपयुक्त उपायहरूको अवलम्बन गरिन्छ । यस अर्थमा निरन्तर मूल्याङ्कन सिकाइका लागि मूल्याङ्कन हो भन्न सकिन्छ । यो आधिकारमा आधारित सिकाइका लागि गरिने वास्तविक मूल्याङ्कन पनि हो ।

निरन्तर मूल्याङ्कन सिकेकै बेलामा गरिने मूल्याङ्कन हो । यो बहुविधिबाट गरिने मूल्याङ्कन हो । विद्यार्थीको व्यवहारमा आएको परिवर्तन लेखाजोखा गर्ने वैध मूल्याङ्कन हो । उपचारात्मक शिक्षणका लागि सूचना प्रदान गर्ने निदानात्मक मूल्याङ्कन हो । स्मरण र विस्मरण एकै सिक्काका दुई पाटा हुन् भन्ने मान्यतालाई आत्मसात गर्ने मूल्याङ्कन प्रणाली हो । आवधिक परीक्षाले मात्र विद्यार्थीको यथार्थ मूल्याङ्कन गर्न नसक्ने हुनाले यसको परिपूरणका लागि ल्याइएको बहुआयामिक मूल्याङ्कन प्रक्रिया हो ।

## निरन्तर मूल्याङ्कन प्रणालीको महत्त्व

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य भनेको प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीहरूमा पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गराउन शिक्षक र विद्यार्थीका क्रियाकलापहरूलाई निर्देशित गर्नु हो । यसैलाई निरन्तर मूल्याङ्कन प्रणालीको मुख्य महत्त्वका रूपमा पनि लिन सकिन्छ । यसका अतिरिक्त तलका बुँदाहरूले पनि निरन्तर मूल्याङ्कन प्रणालीको महत्त्वलाई इङ्गित गर्दछः

- विद्यार्थीको सहजतापूर्वक, शीघ्र र यथार्थ मूल्याङ्कन गर्न,
- विद्यार्थीहरूमा पाठ्यक्रमले तोकेका ज्ञान, सिप, अभिवृत्ति र दक्षता विकास गराउन,
- विद्यार्थी मूल्याङ्कनका नाममा खर्च हुने अतिरिक्त समय र स्रोत बचाउन,
- विद्यालयमा बाल बालिकाहरूलाई रमाएर सिक्ने (Learning with fun) को वातावरण सिर्जना गर्न,
- विद्यार्थीहरूमा परीक्षाको सन्त्रास हटाई विद्यार्थीको असफल हुने दर न्यूनीकरण गर्दै जान,
- विद्यार्थीको सिकाइ समस्याहरूको पहिचान गरी उपचारात्मक शिक्षण गर्न,
- विद्यार्थीले स्वयम् पहलमा वा दैनिक जीवनका क्रियाकलापहरूबाट सिकेका कुराहरूलाई वैधानिकता प्रदान गरी पाठ्यक्रमलाई दैनिक जीवनसँग जोड्न,
- अनुत्तीर्ण हुने दर, कक्षा छाड्ने दर घटाई शैक्षिक क्षति कम गर्न,
- सहपाठी सिकाइ र गरेर सिक्ने वातावरण सिर्जना गरी बालमैत्री शिक्षण सिकाइको प्रवर्धन गर्न आदि ।

नेपालको सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कननको महत्त्व अझै ठुलो छ । नेपाल सरकारले आधारभूत तहमा गरेको लगानीको कहाली लाग्दो क्षति भएको छ । प्राथमिक तहमा कक्षा दोहोऱ्याउने, सिकाइ असहज भएको कारण र फेल भएको कारण बिचैमा पढाइ छोड्ने विद्यार्थी धेरै छन् । यसले गर्दा तोकिएको समयभन्दा ढिलो र थोरै विद्यार्थीले मात्र तह पुरा गर्ने गरेका छन् । विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट मात्र यो क्षति नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार शिक्षा मन्त्रालयले

प्राथमिक तथा निम्न माध्यमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरेको छ ।

## निरन्तर विद्यार्थी मूल्याङ्कनका विधिहरू

निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियासँगै चल्ने प्रक्रिया हो । प्रभावकारी शिक्षण सिकाइमा शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई अलग गर्न सकिँदैन । शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रिया साथै अगाडि बढाउन विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप उपयोगी हुन्छन् । प्रश्नोत्तर, छलफल, अभिनय, नाटकीकरण, सम्वाद, प्रदर्शन, अवलोकन भ्रमण, वास्तविक कामको अभ्यास आदि विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप हुन् । यस्ता क्रियाकलापबाट शिक्षण सिकाइ प्रभावकारी हुन्छ । विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि निम्न मूल्याङ्कन विधि एवम् प्रक्रिया उपयोगी हुन्छ :

**(क) अवलोकन:** अवलोकन विद्यार्थी मूल्याङ्कनको सजिलो प्रक्रिया हो । अवलोकनबाट विद्यार्थीको ज्ञान, सिप, धारणा, मूल्य र व्यवहार जस्ता सबै पक्षको मूल्याङ्कन गर्न सकिन्छ । आचरण, व्यवहार, विभिन्न सिप र सरसफाई जस्ता कुरा अवलोकनबाट मात्र सम्भव छ । यसका लागि रुजू सूची, श्रेणीमापन, अवलोकन फाराम जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ । अवलोकित व्यवहारको अभिलेख पोर्टफोलियोमा राख्ने गर्नुपर्छ । पोर्टफोलियोमा सञ्चित अभिलेख र घटनावृत्त अभिलेख पनि राख्न सकिन्छ ।

**(ख) प्रश्नोत्तर र छलफल :** प्रश्नोत्तर पनि विद्यार्थी मूल्याङ्कनको सजिलो प्रक्रिया हो । यसबाट विद्यार्थीको सिकाइ पनि हुन्छ र मूल्याङ्कन पनि । कक्षामा नियमित पठनपाठनको क्रममा गरिने प्रश्नोत्तरले सिकाइलाई प्रवर्द्धन गर्छ भने कक्षा शिक्षणलाई जीवन्त समेत बनाउँछ । प्रश्नोत्तर र छलफल कक्षा कार्यमै गर्न गराउन सकिन्छ । प्रश्नोत्तर छलफलमा विद्यार्थीले व्यक्त गरेका कुरा र उनीहरूको हाउभाउबाट उनीहरूको मूल्याङ्कन गर्न सकिन्छ । यसबाट विशेषतः ज्ञान पक्षको मूल्याङ्कन गर्न सकिन्छ ।

**(ग) लिखित जाँच :** लिखित जाँचबाट विद्यार्थीको लेखाइ, ज्ञान पक्ष र धारणागत कुराको मूल्याङ्कन गर्न सकिन्छ । लिखित जाँच समय तोकेर कक्षामै वा गृहकार्यको रूपमा पनि गराउन सकिन्छ । लिखित जाँच सबै विषयमा उपयोगी हुन्छ । लिखित जाँच सकेसम्म ढोल पिट्ने तरिकाले नभैकन कक्षामा नै प्रत्येक पाठ सकिएपछि एक पिरियड अवधिको समय तोकेर एकाइ परीक्षा वा कक्षा परीक्षाको रूपमा लिनु उपयुक्त हुन्छ । उक्त एकाइ/पाठ/कक्षा परीक्षाले कुन विद्यार्थीलाई कति ओटा रेजा दिने भन्ने विषयमा निर्क्योल गर्न पनि सघाउ पुग्दछ । किनकि यसबाट विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिको बारेमा जानकारी लिन सकिन्छ ।

**(घ) कार्य सञ्चयिका अध्ययन :** कार्य सञ्चयिका विद्यार्थीका लिखित कार्य तथा रचना जम्मा गर्ने फाइल हो । कार्यसञ्चयिका हरेक विद्यार्थीको छुट्टाछुट्टै हुन्छ । कार्य सञ्चयिका फाइलमा विद्यार्थीका लिखित काम तथा रचना राख्न सकिन्छ । यी कुरा विद्यार्थीका सिकाइ तथा प्रतिभाका प्रमाण हुन् । यसमा रहेका विद्यार्थीका नमुना कार्य (हस्तलिखित सामग्री, अभ्यास, ग्राफ, चार्ट, नक्सा, निबन्ध, कथा, कविता आदि), सिर्जनात्मक कार्य, शिक्षकले लेखेका टिप्पणी र विद्यार्थी प्रगति विवरण समावेश गरिनुपर्छ । यस्ता कार्यहरूबाट विद्यार्थीको विभिन्न पक्षको मूल्याङ्कन हुन सक्दछ ।

**(ङ) आत्म मूल्याङ्कन :** आत्म मूल्याङ्कन भनेको विद्यार्थी स्वयम्ले आफूले सिकेका र सिक्न नसकेका कुराका बारेमा आफैंबाट गरिने लेखाजोखा हो । विद्यार्थी आफैंले आफ्नो लेखाजोखा गरी सिक्न नसकेका कुराहरूको बारेमा शिक्षकलाई जानकारी गराएमा शिक्षकले विद्यार्थी मूल्याङ्कनमा धेरै समय खर्च गर्नुपर्दैन । त्यसैले विद्यार्थीलाई उनीहरूका आफ्ना बारेमा गरेको मूल्याङ्कन शिक्षकसमक्ष प्रस्तुत गर्न प्रोत्साहन गर्नुपर्दछ । आत्म मूल्याङ्कन जुनसुकै विषयमा जहिले पनि प्रयोगमा ल्याउन सकिन्छ ।

**(च) साथी सङ्गतिबाट हुने मूल्याङ्कन (सहपाठी मूल्याङ्कन)** : विद्यार्थीहरूको आआफ्ना घनिष्ट साथीहरू

हुन्छन् । ती साथीहरूलाई आफ्नो साथीको बारेमा धेरै कुराको जानकारी हुन्छ । त्यसै गरी विद्यार्थीको सिकाइस्तर र सिकाइ समस्याका बारेमा पनि साथीहरूले सूचना दिन सक्छन् । साथीसँगको हेलमेल, सहयोगलगायतका सामाजिक व्यवहारका बारेमा साथीहरूबाटै मूल्याङ्कन गर्दा बढी वास्तविक हुन्छ । साथी बिचमा पढाइका बारेमा हुने कुराकानी छलफलबाट एक आपसमा सिकेका र नसिकेका कुराका बारेमा जानकारी हुन्छ । त्यसैले शिक्षकले कहिले कहीं कुनै विद्यार्थीको मूल्याङ्कन गर्न प्रत्यक्ष रूपमा उसैसँग सूचना लिनुभन्दा उसको घनिष्ट साथीसँग अन्तरक्रिया गर्दा पनि हुन्छ । कतिपय गृहकार्य वा कक्षाकार्य परीक्षण साथीहरूबाट गराई सहपाठी साथीहरूबाट मूल्याङ्कन गराउन पनि सकिन्छ ।

**(छ) अभिभावक सम्पर्कः** विद्यार्थीले विद्यालयमा सिकेका कुराको व्यावहारिक कार्यान्वयन घर र समुदायमा गर्ने गर्दछन् । विद्यार्थी लामो समय आफ्नै घर परिवारसँग बिताउने भएकाले विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन परिवारका सदस्यले महसुस गरेका हुन्छन् । त्यसैले अभिभावकसँग सम्पर्क गरेर उनीहरूबाट प्राप्त प्रतिक्रियाहरूको आधारमा पनि विद्यार्थीको मूल्याङ्कन गर्न सके मूल्याङ्कन वास्तविवक हुन जान्छ । विद्यार्थीले अभिभावकलाई गर्ने सहयोग, उसको उठ्ने र सुत्ने समय, घरको काममा रुचि, छरछिमेकीसँगको सम्बन्ध, सामाजिक कार्यमा सहभागिताका बारेमा अभिभावकबाट प्रतिक्रिया लिएर पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसैले शिक्षकले विद्यार्थीको वास्तविक मूल्याङ्कनका लागि अभिभावकसँग पनि सम्पर्क गर्नु राम्रो हो ।

## निरन्तर मूल्याङ्कनका मापदण्ड

विद्यार्थी मूल्याङ्कनका लागि माथिका विधिहरू प्रयोग गरिन्छ । ती विधि तथा तरिकाहरू प्रयोग गरी मूल्याङ्कन गर्दा विभिन्न मापदण्डहरू प्रयोग गर्न सकिन्छ । प्राथमिक तथा निम्न माध्यमिक तहको पाठ्यक्रममा पनि ती आधारहरू स्पष्ट गरिएको छ । उपरोक्तानुसारका मापदण्डहरू निम्नानुसार छन् :

| **प्राथमिक पाठ्यक्रमले तोकेका आधारहरु** | | **निम्न माध्यमिक तहको पाठ्यक्रमले तोकेका आधारहरु** | |
|---|---|---|---|
| १. | कक्षाकार्य (कक्षा सहभागिता) | १. | कक्षा सहभागिता |
| २. | परियोजना कार्य | २. | परियोजना कार्य वा प्रयोगात्मक कार्य |
| ३. | सिर्जनात्मक कार्य | ३. | सिकाइ सम्बद्ध सिर्जनात्मक कार्यहरू |
| ४. | हाजिरी | ४. | कक्षा कार्य |
| ५. | व्यवहार परिवर्तन (सिकाइ उपलब्धि) | ५. | उपलब्धि परीक्षा (साप्ताहिक, एकाइ, मासिक) |
| | | ६. | सिकाइ व्यवहारमा आएको परिवर्तन (सिकाइ उपलब्धि) |

**नोटः शिक्षकले मूल्याङ्कन गर्न चाहेका अन्य पक्ष थप्न सकिने ।**

उपर्युक्त मापदण्डहरूमा नै सीमित नभै यिनीहरूको अतिरिक्त गृहकार्य, विशेष प्रतिभा प्रस्तुति लगायत शिक्षकहरूले आवश्यक ठानेका कुनै पनि मापदण्ड थप गर्न सकिन्छ । दुवै तहमा प्रयोग गरिने मापदण्डहरू उस्तै खालका देखिए पनि प्राथमिक तहमा उपलब्धि परीक्षाको उल्लेख गरिएको पाइँदैन । त्यसो भए पनि कक्षा परीक्षा, एकाइ परीक्षा, मासिक परीक्षा आदि लिएर सो बमोजिम सिकाइ उपलब्धि हासिल भए, नभएको एकीन गर्दै उपचारात्मक शिक्षणलाई निरन्तरता दिन रोक नलगाइएकोले विद्यार्थीहरूको निर्माणात्मक एवम् उपचारात्मक प्रयोजनका लागि उपलब्धि परीक्षा लिन सकिन्छ । लिने गरिएको पनि छ । माथिका मध्ये अन्तिम नम्बरमा दिइएको मापदण्डले नतिजाको प्रतिनिधित्व गर्छ भने अन्यले प्रक्रियाको । त्यसैले विद्यार्थी मूल्याङ्कन गरी पाठगत रेजा लगाउँदा सिकाइ उपलब्धि हासिल भएको आधारमा गरिनुपर्छ किनकि प्रक्रियामा सुधार अन्ततः नतिजा सुधारकै लागि हो । नतिजामा सुधार गर्न नसक्ने हो भने प्रक्रियाको सुधार केवल देखावटी मात्र हुन जान्छ ।

यहाँनेर के स्पष्ट हुनुपर्छ भने प्रक्रियागत सुधार भएको छ तर सिकाइ उपलब्धि हासिल भएको छैन भने त्यसमा कतै न कतै विषयगत प्रभाव अवश्य परेको छ । कुनै पनि पाठ शिक्षण पश्चात् त्यस पाठको सिकाइ उपलब्धि हासिल भए, नभएको अवस्थालाई विशेष महत्त्व दिनै पर्छ । प्रक्रियागत सूचक त नतिजा सुधारका लागि सहायक मात्र हुन सक्छन् । अन्तमा नतिजा नै सुधार्नु नै हाम्रो अन्तिम लक्ष्य भएकोले सिकाइ उपलब्धि प्राप्ति वा व्यवहार परिवर्तनलाई विशेष ख्याल गर्नुपर्छ ।

## निरन्तर मूल्याङ्कन प्रणालीसम्बन्धी मौजुदा व्यवस्था

निदानात्मक र सुधारात्मक मूल्याङ्कनलाई बढावा दिँदै विद्यार्थीको सिक्न पाउने अधिकारको संरक्षण गर्न नेपालमा निरन्तर मूल्याङ्कन प्रणाली अभ्यासमा ल्याइएको हो । यस प्रणालीले सिकाइ उपलब्धि सुधार गर्दै शैक्षिक क्षति न्यूनीकरण गर्नमा पनि विशेष जोड दिन खोजेको पाइन्छ । निरन्तर मूल्याङ्कन प्रणालीसम्बन्धी मौजुदा व्यवस्थालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

१. विद्यालय क्षेत्र सुधार योजना (२०६६–७२) मा निम्न व्यवस्था गरिएको पाइन्छ :

- "निरन्तर मूल्याङ्कन तथा उपचारात्मक सहयोग पद्धतिको कार्यान्वयन गर्ने" भनी योजनाले नीति निर्देश गरेको छ ।
- योजनाको आधारभूत शिक्षाको रणनीतिक कार्यकलापअन्तर्गत आन्तरिक सक्षमता सुधारका लागि पर्याप्त उपचारात्मक सहयोग पुऱ्याउने गरी निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ ।
- आधारभूत तहको अन्तमा जिल्लास्तरीय परीक्षा लिइने व्यवस्था गरिएको छ ।

२. राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) मा निम्न व्यवस्थाहरू रहेको छ :

- आधारभूत तहमा निर्णयात्मकभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।
- विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण फायल राख्नुपर्ने छ । यसलाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यावहारिक परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ ।
- विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको वास्तविक अवस्था पहिचान गरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ ।
- आधारभूत तह (कक्षा ६ र ७) मा ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ ।

३. प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा १ देखि ३ सम्म) २०६२ मा निम्नानुसारका व्यवस्था गरिएको पाइन्छ:

- प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिको आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने छ ।
- कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको आधारमा कक्षोन्नति गरिनेछ । त्यसैले यी कक्षाहरूमा उत्तीर्णाङ्क तोकिएको छैन ।
- निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न विद्यार्थीको कार्यसञ्चयिका तयार गर्नुपर्ने छ ।
- कक्षा १ देखि ३ सम्म विद्यार्थीले गरेको प्रगतिको आधारमा "क", "ख" र "ग" श्रेणीमा श्रेणीकरण गर्नुपर्ने छ ।

४. प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ मा निम्न व्यवस्था गरिएको छ:

- कक्षा ४ र ५ मा ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) र ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक) पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ ।
- आवधिक परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ । दुवै प्रणालीमा अलग अलग पास हुनुपर्ने छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनका मापदण्डहरू अनुसूचीमा दिइएको छ । जस अनुसार निम्न मापदण्डहरू किटिएको छ ।

क) कक्षा कार्य / कक्षा सहभागिता ख) परियोजना कार्य

ग) सिर्जनात्मक कार्य घ) व्यवहार परिवर्तन

ङ) हाजिरी

५. आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६ देखि ८ सम्म) २०६९ ले पनि निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन सम्बन्धमा केही व्यवस्था गरेको देखिन्छ जसमाः

- आधारभूत तहमा निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्ने छ ।
- विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण फायल राख्नुपर्नेछ । यसलाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यावहारिक परिवर्तनको अवलोकन आदिका माध्यमबाट अद्यावधिक गर्नुपर्ने छ ।
- आधारभूत तहको कक्षा ६ र ७ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन प्रणाली र ६० प्रतिशत आवधिक मूल्याङ्कनबाट विद्यार्थी उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । दुवै मूल्याङ्कनमा अलग अलग उत्तीर्ण हुनुपर्नेछ । आवधिक मूल्याङ्कनमा लिखित र प्रयोगात्मक दुवै परीक्षण गर्नुपर्ने छ ।
- आधारभूत तहको अन्तमा जिल्लास्तरीय परीक्षा सञ्चालन गरिनेछ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ ।
- निरन्तर मूल्याङ्कन पद्धतिका लागि निम्न आधार तय गरिएको छ :

क) प्रयोगात्मक कार्य वा परियोजना कार्य ख) कक्षा सहभागिता

ग) सिकाइ सम्बद्ध सिर्जनात्मक कार्य घ) कक्षा कार्य

ङ) उपलब्धि परीक्षा (साप्ताहिक परीक्षा, मासिक परीक्षा, एकाइ परीक्षा)

च) सिकाइ व्यवहारमा आएको परिवर्तन (सिकाइ उपलब्धि हासिल गरे/नगरेको)

उपरोक्त मापदण्डको अतिरिक्त शिक्षकले मूल्याङ्कन गर्न चाहेका अन्य पक्ष थप गर्न सकिने कुरालाई पनि स्पष्टसँग उल्लेख गरी मूल्याङ्कनलाई केही लचक र वस्तुगत पनि बनाएको पनि छ ।

६. शिक्षा क्षेत्रका ऐतिहासिक आयोगका सिफारिसहरूमा पनि कुनै न कुनै रूपमा निरन्तर मूल्याङ्कनका विषयमा बोलिएको छ जसमा :

- सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन -२०१८ मा "प्रत्येक महिना छात्र छात्राहरूको खेलकुद, चरीत्र, विषयहरूको ज्ञान इत्यादिको लेखाजोखाको आधारमा माथिल्लो कक्षामा उत्तीर्ण गराउने" उल्लेख गरेको छ ।
- राष्टिय शिक्षा पद्धतिको योजना -२०२८ ले"प्रत्येक विद्यार्थीको शैक्षिक प्रगति विवरण राख्ने र त्यसमा उसका सम्पूर्ण शैक्षिक र अतिरिक्त कियाकलापको समेत विवरण समावेश गरिनुपर्छ" भनेको छ ।
- राष्टिय शिक्षा आयोगको प्रतिवेदन -२०४९ ले "मूल्याङ्कनलाई पठनपाठनका साथै वर्ष भरी नै चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक कियाकलापको रूपमा लिइनुपर्छ" भनी निरन्तर मूल्याङ्कनमा जोड दिएको छ ।
- उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५ मा "मूल्याङ्कन लागि आन्तरिक मूल्याङ्कन ,

अवलोनकन , घटना अध्ययन आदि विभिन्न माध्यमहरूको उपयोग गर्नुपर्छ” भनी सुझाव दिइएको छ ।

- शिक्षा सम्बन्धी उच्च स्तरीय कार्यसमितिको प्रतिवेदन-२०५८ ले “कक्षा १ देखि ५ सम्म निरन्तर मूल्याङ्कन प्रणालीअनुसार कक्षा चढाइने व्यवस्था गरिने छ” भन्ने उल्लेख गरेको पाइन्छ ।

## किन निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन हुन सकेन त ?:

नीतिगत रूपमा कार्यान्वयनको करिब एक दसक पुगिसक्दा पनि निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन पक्ष अत्यन्तै कमजोर देखिएको छ । सम्बद्ध पक्षहरू कुहिरोको काग बनेको आरोप छ । परिवर्तन विरोधी वा यथास्थितिवादी सोच र संस्कार हावी छ । शिक्षाको गुणस्तर उकास्नुको साटो खस्काउनमा निरन्तर मूल्याङ्कन प्रणालीले मुख्य भूमिका खेलेको आरोप पनि छ । विद्यमान अवस्थाको चित्रण गर्दा सिकाउनका लागि मूल्याङ्कन भन्ने मान्यताको विपरीत सिकाइकै मूल्याङ्कन गरेर पास फेलको बिल्ला भिराउन मै हाम्रो मूल्याङ्कन प्रणाली (निरन्तर मूल्याङ्कन समेत) अग्रसर भएको पाइन्छ । निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयनमा आउन नसक्नुमा निम्न पक्षहरू जिम्मेवार रहेको भन्नुमा अत्युक्ति नहोला ।

१. **अवधारणागत अस्पष्टता :** निरन्तर मूल्याङ्कन प्रणाली कक्षा कोठाको पठन पाठन सँगसँगै गरिने निदानात्मक र सुधारात्मक मूल्याङ्कन हो । यसले विद्यार्थीको वास्तविक अवस्थाको पहिचान गरी तत्काल उपचारात्मक शिक्षणका माध्यमबाट सिकाइ उपलब्धि सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिन्छ । यो नितान्त निर्माणात्मक मूल्याङ्कन हो । तर आम बुझाइ फरक रह्यो । निरन्तर मूल्याङ्कन भनियो तर मूल्याङ्कनको आधारमा विद्यार्थीहरूलाई थप सहयोग गर्नुपर्ने कुरा कहीं कतै बोलिएन । गरिएन पनि । उपचारात्मक शिक्षणका माध्यमबाट सिकाइ उपलब्धि हासिल गराउँदै पास हुन सक्ने अवस्थामा पुऱ्याउनुपर्ने कुरालाई बेवास्ता गरी सिके पनि पास नसिके पनि पास भन्ने रूपमा अभ्यास गरियो । पढ्नेमा पनि जाँगर खस्कियो । खस्काइयो । पढाउनेमा पनि जवाफदेहिता बढाउन खोज्दा झन् गिरावट आयो । स्वतः पास वा उदार कक्षोन्नतिको समपूरकताले । पूण अङ्कको जोड सिकाइसकेपछि यसमा कमजोर देखिएका बाल बालिकालाई थप सहयोग गरेर सिकाउन नसके गुणन, भाग, भिन्नको जोड, दशमलवको जोड, मुद्राको जोड, समयको जोड आदि सिकाउन नसकिने यथार्थतालाई मनन् गरेर उपचारात्मक शिक्षणमा जोड दिनुपर्नेमा त्यसो हुन सकेन । कसै कसैले त निरन्तर मूल्याङ्कन प्रणालीलाई उदार कक्षोन्नति कै समानार्थी रूपमा पनि प्रयोग गरेको पाइयो । त्यसैले यो निर्माणात्मक, निदानात्मक, सुधारात्मक हुन सकेन । त्यसरी बुझाउन सकिएन । अन्ततः अभ्यासमा निर्णयात्मक नै बन्यो । जुन सरासर गलत हो । निरन्तर मूल्याङ्कन प्रणालीको परिपूरक उपचारात्मक शिक्षणालाई बनाउन नसक्दा यसको मर्ममा छुन नै सकिएन ।

२. **परिवर्तनको एकाङ्की प्रयासः** टुप्पाबाट सुधार गर्न खोज्दा सफल हुने सम्भावना पनि कम हुन्छ । विरुवाको टुप्पोबाट मल राख्दा विरुवा नै मर्छ । तर त्यही मल जरा नजिकै माटोमा राखिदिंदा बिरुवा सप्रन्छ । नेपालमा निरन्तर मूल्याङ्कन प्रणाली पनि त्यस्तै व्यथा खप्न वाध्य छ । भन्न खोजिएको कुरा के भने शिक्षण सिकाइ प्रक्रियामा सुधार नगरेसम्म निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन हुन सक्दैन । विद्यार्थीलाई परियोजना कार्य गराउनै शिक्षकहरू सक्षम भैनसकेको अवस्थामा परियोजना कार्यको आधारमा मूल्याङ्कन भन्ने कुरा बिरुवाको पालुवामा युरिया राखेभन्दा फरक कसरी हुन सक्छ । तोकिएको मापदण्डअनुसारको शिक्षण सिकाइ क्रियाकलाप गराएपछि मात्र पो मूल्याङ्कन गर्न सकिन्छ । सिर्जनात्मक कार्य गराउँदै नगराई सिर्जनात्मक कार्यको मूल्याङ्कन गरेको भनी रेजा लगाउन हामी बाध्य भएका छौं । त्यसैले दैनिक पाठयोजना, शिक्षण सिकाइ क्रियाकलाप र निरन्तर मूल्याङ्कनलाई एकसाथ अघि बढाउन नसकेसम्म निरन्तर मूल्याङ्कन प्रणाली सफल हुन सक्दैन । पहिले योजनामा सुधार, योजनाको आधारमा शिक्षण शैली वा तरिकामा सुधार अनि मात्र मूल्याङ्कनमा सुधार हुन

सक्दछ भन्ने कुरालाई सम्बद्ध सबै पक्षले मनन् गर्न नसक्दा कार्यान्वयनमा समस्या देखिएको हो । मूल्याङ्कनमा मात्र सुधार गर्न निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्ने भनी एकाङ्की रूपमा प्रयास गर्ने हाम्रो सोचमा नै खोट त छैन ?

३. **सूचकमा अन्योलता :** आधारभूत तहको कक्षा एकदेखि पाँच सम्म ओटा र कक्षा छ र सातका लागि ६ ओटा मापदण्ड वा सूचक तोकिएको छ । कतिपय सूचकहरूका बारेमा शिक्षकहरू त्यति धेरै अभ्यस्त छैनन् । उदाहरणको लागि परियोजना कार्य, सिर्जनात्मक कार्य, व्यवहार परिवर्तन । अर्कातिर पाठ्यक्रम, पाठ्य पुस्तक र मूल्याङ्कन मापदण्डको रूपमा प्रयोग भएका शब्दावलीहरू बिच पनि तादात्म्यता मिलेको छैन । उदाहरणका लागि मूल्याङ्कन मापदण्डमा 'परियोजना कार्य' भनिएको छ । सामाजिक अध्ययन विषयमा त्यही परियोजना कार्यलाई 'तिम्रो समुदायमा' भनी दिइएको छ । विज्ञान विषयमा 'गर, हेर र सिक' भनी सम्बोधन गरिएको छ । शाब्दिक बहुलताले अस्पष्टता र भ्रम निम्त्याएको पाइन्छ । आपसी तादात्म्यता नमिल्दा सूचक अनुसारका क्रियाकलाप गराउन शिक्षकहरूलाई कठिन भएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रममा राखिएको व्यवहार परिवर्तन भन्ने मापदण्डले छुट्टै भ्रमको खेती गरेको छ । गणित विषयको ज्यामितीय आकारहरू भन्ने पाठमा पनि नङ काट्ने, मुख धुने, दाँत माझ्ने, सिँगान पुछ्ने विषयले नै व्यवहार परिवर्तनको प्रतिनिधित्व गरेको बुझाइ व्याप्त छ । व्यवहार परिवर्तन भनेको सिकाइ हो । सिकाइ भनेको पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धि हासिल हुनु हो भन्ने कुरालाई स्पष्ट पार्न नसक्दा वास्तविक उद्देश्य पुरा नगराई सूचकगत हिसाबले उच्च उपलब्धि भएको भनी पास गर्दै जाँदा सिक्दै नसिकी माथिल्लो कक्षामा पुगेर गुणस्तर खस्किएको र माथिल्ला कक्षामा सिकाउन पनि जग कमजोर भएको अवस्था आएको छ ।

सबै सूचकका लागि उत्तिकै भार दिन कदापि सकिन्न तर हाम्रो अभ्यासले व्यवहार परिवर्तन (सिकाइ उपलब्धि हासिल गरे नगरेको) र सिर्जनात्मक कार्यलाई उत्तिकै हैसियत प्रदान गरेको देखिएको छ । सूचकगत रेजा लगाई पुनः पाठगत रेजा निकाल्दा यसो हुन जान्छ । सूचकगत आधारमा सिकाउने तर सिकाइ उपलब्धि हासिल भए, नभएको आधारमा मूल्याङ्कन गर्ने गरी स्पष्ट दृष्टिकोणसहित अघि बढ्न सकिएको छैन । प्रक्रिया सूचक र उपलब्धि सूचकबिचको भेद निक्र्यौल गर्न नसक्दा समस्या परेको अवस्था छ ।

४. **अभिलेखीकरणमा जटिलता एवम् अस्पष्टता :** विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्न रेजा फाराम र प्रगति विवरणको ढाँचा पाठ्य क्रममा नै दिइएको छ । रेजा फाराममा प्रत्येक पाठ सकिए पछि रेजा लगाउनुपर्ने कुरा उल्लेख छ । तर रेजा सूचकगत वा एकमुष्ट भन्नेमा फरक फरक अभ्यास गरिएको पाइन्छ । सूचकगत रेजा लगाउँदा लेखाजोखा काल्पनिक बनेको छ । निर्णयात्मक प्रयोजनतिर तानेको छ । एउटा पाठमा रेजा दिइसकेपछि एक वा २ मात्र रेजा प्राप्त गरेका विद्यार्थीलाई थप सहयोग गरी सिकाइ उपलब्धि हासिल गराउने र पुनः रेजा थप्ने विषयमा पाठ्यक्रम नै मौन रहेकोले उपचारात्मक शिक्षणलाई बेवास्ता गर्नमा बल पुऱ्याएको सहजै अनुमान गर्न सकिन्छ ।

रेजा प्रतिशत र श्रेणी निकालिसकेपछि मार्कलेजरमा कसरी राख्ने भनी स्पष्ट खाका दिइएको छैन । महत्त्वपूर्ण अर्को कुरा के छ भने सिकाइ उपलब्धि निकाल्ने कसरी हो त भन्ने विषयमा अधिक अन्योलता रहेको छ । सिकाउने जिम्मा पाएकाहरू नै अन्योलमा रहेको अनुभवले देखाएको छ । अभिलेखीकरणमा गरिएका व्यवस्थाहरू पनि निर्णयात्मकतिर नै केन्द्रित छन् । सुधारात्मक मूल्याङ्कन तथा उपचारात्मक शिक्षणतिर जोड दिनुपर्ने कुरालाई अभिलेखले पनि स्पष्ट मार्गनिर्देश गर्न सकेको पाइँदैन ।

५. **क्षमता विकासको कमजोर अवस्था :** विद्यालयमा नयाँ कुरा लागु गर्न शिक्षकको क्षमता विकास अनिवार्य पूर्वशर्त हो । निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनका लागि समयमै क्षमता विकासका प्रयास हुन नसक्दा यसको वास्तविक मर्मबमोजिम कार्यान्वयनमा लैजानुको सट्टा विविध भ्रम र

नकारात्मक सोचले व्यापकता पायो । सबैले यसको कार्यान्वयनमा जोड दिनु त कहाँ हो कहाँ उल्टै विद्यार्थी सिकाइ उपलब्धिस्तर गिर्दै जानुको दोष निरन्तर मूल्याङ्कन प्रणालीलाई थोपर्न थालियो । परिवर्तन विरोधी मानसिकतालाई समयमै सम्बोधन गर्न नसक्दा अवरोधको व्यवस्थापन झन् जटिल बन्दै गयो । क्षमता विकासका प्रयासहरू सीमित भए । विद्यालयमा आधारित सहयोग पद्धतिले पनि यथोचित योगदान गर्न सकेन ।

६. **फित्तलो अनुगमन तथा सुपरीवेक्षण :** विद्यालय सुपरीवेक्षण तथा अनुगमन प्रणाली चुस्त, नतिजामुखी एवम् प्रभावकारी हुन नसक्दा एकातिर निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनका लागि शिक्षकहरूले सहयोग प्राप्त गर्न सकेनन् अर्कातिर नीतिको कार्यान्वयन अनिवार्य रूपमा गर्न, गराउन नियन्त्रणात्मक कार्यहरू छायाँमा पर्न गए । यसको कार्यान्वयनलाई पुरस्कार र दण्डसँग आद्बध गर्न सकिएन । पाठ्यक्रमले निर्धारण गरेको मूल्याङ्कन प्रणाली लागु नगर्दा पनि हामी टुलुटुलु हेरिमात्र रह्यौं । अनिवार्यता गर्न सकिएन । उल्टै कक्षा १ को पनि स्रोत केन्द्रस्तरीय परीक्षा लिएर सिकाउनेले नै उल्ङ्घन गऱ्यौं । त्यसैले कार्यान्वयन भएन निरन्तर मूल्याङ्कन प्रणाली ।

## निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनका लागि सुझाव

निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्नमा हामी एक दसक जति ढिला भइसकेको अवस्थामा अझै पनि विशेष पहल कदमी लिन सकिएन भने सुधारले गति लिन अर्को दसक कुर्न बाध्य हुनुपर्नेछ । निरन्तर मूल्याङ्कन प्रणाली नेपाल सरकारले अवलम्बन गरेको एक महत्त्वपूर्ण शैक्षिक नीति हो । यसको अवज्ञा होइन, प्रभावकारी कार्यान्वयन गर्नु विद्यालय शिक्षा सम्बद्ध सम्पूर्ण सरोकारवालाहरूको दायित्त्व हो । विगतका कमजोरीबाट पाठ सिकेर भावी दिनमा योजनाबद्ध रूपमा सुधारका प्रयासहरू अघि बढाउनुपर्ने आजको आवश्यकता हो । प्रभावकारी रूपमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्न निम्न सुझाव प्रस्तुत गर्न चाहन्छु ।

१. **नीतिगत एवम् अवधारणागत स्पष्टता ल्याउने :** आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्ने हाम्रो शिक्षा नीति हो । यसको मर्म सिकाइ सुधारका लागि मूल्याङ्कन भन्ने नै हो । सुधारात्मक, निर्माणात्मक र निदानात्मक मूल्याङ्कनबाट उपचारात्मक शिक्षणको बाटोतिर अग्रसरित हुनु हो । न्यूनतम् सिकाइ उपलब्धि सुनिश्चित गर्नु शिक्षकको जवाफदेहिताको विषय भएकोले शिक्षण सिकाइकै क्रममा मूल्याङ्कन गरी तत्काल सुधारका उपायहरूको अवलम्बन गर्नु यसको मुख्य ध्येय हो । निरन्तर मूल्याङ्कन अक्षराङ्कन पद्धतिभन्दा फरक कुरा हो । यो थप सिकाउनका लागि विद्यार्थी पहिचान गर्ने कार्य हो । यो प्रणाली कार्यान्वयन नगर्दा पाठ्यक्रम कार्यान्वयन नहुने भएकोले कसैलाई पनि कार्यान्वयन नगर्न पाउने छुट छैन भन्ने कुरा बुझ्नपर्छ । बुझाउनुपर्छ । अवधारणागत र नीतिगत रूपमा स्पष्ट भएर पठपपाठन प्रक्रिया र विद्यार्थी उपलब्धिमा निरन्तर सुधारका लागि यसको कार्यान्वयन गरिनुपर्छ ।

२. **परिवर्तननका लागि संयोजित प्रयासको थालनी गर्ने :** केवल मूल्याङ्कनमा मात्र सुधार वा परिवर्तन गर्न खोज्दा प्रयास एकाङ्की भएकोले शिक्षण सिकाइ प्रक्रिया मै सुधार गरेर यसको कार्यान्वयनलाई वास्तविक धरातलमा ल्याउन सकिन्छ । यसको निमित्त प्रत्येक कक्षा र विषयको छुट्टा छुट्टै निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन सहजीकरण निर्देशिका बनाई लागु गरिनुपर्छ । यसले गर्दा शिक्षकहरूलाई मूल्याङ्कन मापदण्डका आधारमा शिक्षण सिकाइ क्रियाकलाप गर्न सजिलो हुन्छ । उक्त सहजीकरण निर्देशिकाको खाका निम्नानुसारको हुन सक्छ ।

३. उपर्युक्त ढाँचाको निर्देशिका विकास गरी प्रत्येक शिक्षकका हातमा दिन सकेमा कक्षा क्रियाकलापमा नै सुधार हुन गई निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन हुन्छ । गोरखा र तनहुँ जिल्लाका दर्जनौं विद्यालयहरूमा स्रोत केन्द्रको सहजीकरणमा विद्यालय आफैंले तयार गरी प्रयोगमा आउन थालिसकेको यस निर्देशिका लाभकारी हुने कुरामा कुनै विवाद छैन ।

४. **अभिलेखीकरणमा सुधार गर्ने :** अभिलेख प्रणालीलाई व्यवस्थित र सुधार केन्द्रित बनाउन रेजा फाराममा पाठको अन्तमा रेजा लगाएपछि उपचारात्मक शिक्षण गर्ने र सोको आधारमा भएको उपलब्धिको आधारमा कुनै पनि बेला रेजा थप गर्ने व्यवस्था गरिनुपर्छ । मार्कलेजरको ढाँचा तयार गरी उपलब्ध गराइनुपर्छ । निरन्तर मूल्याङ्कन र आवधिक परीक्षाको मूल्याङ्कनबाट प्राप्त उपलब्धि प्रतिशतमा राखी अन्तमा सुत्र प्रयोग गरी यी २ को भारको आधारमा समष्टिगत नतिजा दिइनुपर्छ । सिकाइ उपलब्धि निकाल्ने तरिका स्पष्ट पारिनुपर्छ । यसलाई सकेसम्म पाठ्यक्रममै तभए सहजीकरण निर्देशिकामा राख्नुपर्छ ।

५. **सूचकमा स्पष्टता ल्याउने :** मूल्याङ्कनका सूचकहरू र तिनीहरूको बारेमा थप स्पष्ट पारिनुपर्छ । पाठ्यक्रम, पाठ्य पुस्तक, मूल्याङ्कनसम्बन्धी सामग्रीहरूमा राखिने शब्दावलीहरूमा एकरूपता हुनुपर्छ जस्तै परियोजना कार्य । शिक्षकहरूमा भएको भ्रम निवारण गर्न जरुरी छ । व्यवहार परिवर्तन भन्ने सूचकलाई परिवर्तन गरी सिकाइ उपलब्धि प्राप्ति भन्ने राखिनुपर्छ । गृहकार्य थप गरिनुपर्छ । सूचकगत रेजा लगाउने नभई समष्टिगत रूपमा सबै सूचकको आधारमा लेखाजोखा गरी समष्टिमा पाठगत रेजा लगाउने गर्नुपर्छ । यदि सूचकगत अभिलेखीकरण गर्ने हो भने (कक्षा ६ –८ मा छ) प्रत्येक सूचकको लागि भार निर्धारण गरी रुब्रिक्स प्रयोग गरिनुपर्छ ।

६. **सम्बद्ध पक्षको क्षमता विकास गर्ने :** प्रधानाध्यापकलाई अभिमुखीकरण गरेर मात्र पुग्दैन । सम्बन्धित तहमा शिक्षण गर्ने सबै शिक्षकहरूलाई तालिमको व्यवस्था गरिनुपर्छ । विद्यालयका सबै शिक्षकहरूलाई एकै समूहमा राखेर तालिम दिनु उपयुक्त हुन्छ । तालिम पनि मूल्याङ्कनसम्बन्धी मात्र नभई दैनिक पाठ योजना, शिक्षण सिकाइ क्रियाकलाप र निरन्तर मूल्याङ्कन तिनै विषय समेटिएको मोडुल डिजाइन गरी दिनुपर्छ । निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा सहजीकरण गर्ने स्रोतव्यक्ति, विद्यालय निरीक्षक, प्रधानाध्यापक सबैको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिनुपर्छ ।

७. **प्रभावकारी अनुगमन र सुपरीवेक्षण गर्ने :** अनुगमन प्रणाली नियमित र चुस्त बनाइनुपर्छ । स्रोत व्यक्ति र विद्यालय निरीक्षक विद्यालयमा जाँदा निरन्तर मूल्याङ्कनसम्बन्धी विषयमा छलफल गराई आवश्यक सहजीकरण गर्नुपर्छ । कार्यान्वयन गरिरहेका विद्यालय र त्यहाँका शिक्षकहरूलाई प्रोत्साहित गर्न प्रचार प्रसारमा जोड दिइनुपर्छ । गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्डित गर्न ढिला गर्नु हुँदैन । सुपरिवेक्षण पद्धतिलाई सहयोगात्मक रूपमा अघि बढाइनुपर्छ । शिक्षकहरूमा अप्ठ्यारो परे सहयोग पाइन्छ भन्ने विश्वास दिलाउनुपर्छ ।

## निष्कर्ष

निरन्तर मूल्याङ्कन प्रणाली लागु गरिएको करिब एक दसक पुगिसक्दा पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु लाजमर्दो कुरा हो । शिक्षा क्षेत्रको असक्षमता हो । हाम्रो ताकत उपरको गम्भीर प्रश्न हो । नीतिगत, प्रक्रियागत एवम् मनोव्यावहारिक पक्षमा सुधार गर्न नसके विद्यमान अवस्थामा परिवर्तन आउन नसक्ने भएकाले शिक्षा क्षेत्रका सरोकारवालाहरूले समयमै सोच्नुपर्ने भएको छ । अवधारणा, प्रक्रिया, अभिलेखीकरण, अनुगमन, सुपरीवेक्षण आदिमा भएको कमी कमजोरीका कारण अपेक्षित नतिजा प्राप्त गर्न नसकिएको यथार्थलाई स्वीकार गरी अवका दिनमा सुधारका लागि योजनाबद्ध उपायहरू अवलम्बन गर्नु जरुरी छ । सिकाइका लागि मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन, सुधारात्मक मूल्याङ्कन, निदानात्मक मूल्याङ्कनको रूपमा निरन्तर मूल्याङ्कनलाई उपयोग गरी उपचारात्मक शिक्षणको संस्कार बसाल्ने, अभिलेखीकरण प्रक्रियालाई सरल एवम् व्यवस्थित बनाउने, शिक्षण क्रियाकलाप र मूल्याङ्कलनमा एकसाथ परिवर्तन गर्ने, अनुगमन र सुपरिवेक्षण प्रक्रियालाई नतिजामूलक बनाउने, शिक्षक लगायत सम्बद्ध पक्षको क्षमता विकास गर्ने जस्ता कार्यहरूले निरन्तर मूल्याङ्कन प्रणालीलाई यसको वास्तविक मर्म बमोजिम अघि बढाउन सहयोग गर्दछ ।

सुधारका लागि सकारात्मक सोच चाहिन्छ । परिवर्तनका लागि परिवर्तनको एजेन्ट चाहिन्छ । त्यसैले शिक्षकहरूले परिवर्तनलाई आत्मसात् गरी निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्नका लागि परिवर्तनको एजेन्ट बन्न सके तथा सम्बद्ध अन्य सरोकारवालाहरूले आवश्यक सहयोग एवम् समर्थन दिन सके निरन्तर मूल्याङ्कन प्रणालीलाई सही बाटोमा हिडाउँन अवश्य सकिन्छ भन्नेमा कसैको दुईमत नहोला ।

## सन्दर्भ सामग्री


पाठ्यक्रम विकास केन्द्र (२०६२), **प्राथमिक शिक्षा पाठ्यक्र**म (कक्षा १–३) २०६२, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६२), **प्राथमिक शिक्षा पाठ्यक्र**म (कक्षा ४ र ५) २०६५, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६२), **आधारभूत शिक्षा पाठ्यक्रम** (कक्षा ६–८) २०६९, भक्तपुर ।

**राष्ट्रिय पाठ्यक्रम प्रारुप** २०६३, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

**तेरौं योजना २०७०/७१–२०७२/७३,** राष्ट्रिय योजना आयोग, काठमाडौं : सिंहदरबार ।

**विद्यालय क्षेत्र सुधार योजना** २०६६–७२, काठमाडौं, सिंहदरवार : शिक्षा मन्त्रालय ।

**निरन्तर मूल्याङ्कनसम्बन्धी स्रोतसामग्री २०६६,** सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।